# गण्डकी प्रदेशमा विकास सूचकहरुको अवस्था र आवधिक योजनाले सम्बोधन गर्नुपर्ने बिषयहरु

**डा. गिरिधारी शर्मा पौडेल**

**उपाध्यक्ष**

प्रदेश नीति तथा योजना आयोग

गण्डकी प्रदेश, पोखरा

पौष, २०७५

Website: ppc.gandaki.gov.np

Email: pppcgandaki@gmail.com,

giridharisp@gmail.com

# यस प्रस्तुतीमा समावेश भएका बिषयबस्तु


- प्रदेशको परिचय
- गरिबी
- पर्यटन
- उर्जा
- कृषि
- पूर्बाधार
- सामाजिक क्षेत्र
- अन्तरसम्बन्धित बिषय
- शुसासन
- आबधिक योजना  तर्जुमा गर्ने आधार
- समुहकार्यको ढांचा

# गण्डकी प्रदेशको परिचय


- प्रदेशको क्षेत्रफल २१,९७४ बर्ग कि.मि (वडाहरुको क्षेत्रफल जोड)
- प्रदेशको जनसंख्या  २४,९०,४३७ (२०७५ आषाढ मसान्तको प्रक्षेपण)
- गण्डकी प्रदेशको कुल ग्राहस्थ उत्पादन रु ३१५ अरब (२०७४/०७५)
- प्रतिव्यक्ति कुल राष्ट्रिय आय २०७४/०७५मा अमेरिकी डलर १०२१
- २०७४/०७५ मा प्रदेशको अनुमानित बिप्रेषण एक खर्ब सात अर्ब
- प्रति व्यक्ति वार्षिक सरदर बिप्रेषण प्राप्त रु ४२,९६४
- बैक तथा बित्तिय संस्थाका शाखा भएका स्थानीय तह ६४
- वित्तीय संस्थाको एक शाखाले सेवा पुर्‍याएको सरदर जनसंख्या ४,६४०
- प्रति व्यक्ति खाद्यान्न उपलब्धता २३४ के.जि

# गण्डकी प्रदेशको भूगोल र भूगर्भ

## गण्डकी प्रदेशको भूगोल





## गण्डकी प्रदेशको भूगर्भ




# गण्डकी प्रदेशमा गरिबीको स्थिति

## आर्थिक गरिबीको रेखामुनी रहेको जनसंख्या %





## मानवीय गरिबीको रेखामुनी रहेको जनसंख्या %



# प्रतिव्यक्ति आयमा परिवर्तन

## सन २०१४ मा प्रति व्यक्ति आय अमेरिकी डलरमा




**सन २०१८ मा**

गण्डकी प्रदेश १०२१ अमेरिकी डलर

नेपाल १००४ अमेरिकी डलर

# गरिबी निवारण सम्बन्धी प्रश्न

- गरिबी निबारण गर्न गण्डकी प्रदेशको लागि उपयुक्त कार्यक्रमहरु के के हुन ?
- गरीब घर परिवारको पहिचान नभएकाले गरिबी निवारण कार्यक्रमको पहुँच कसरी गरीब र सिमान्तकृत जनता समक्ष पुयाउर्ने ?
- गरिबी निवारणका लागि आबश्यक स्रोतको कसरी ब्यबस्था गर्ने?
- प्रदेशको आर्थिक वृद्धिलाई कसरी समावेशी बनाई गरिबी निबारण गर्ने ?

# पुंजि निर्माण र लगानी सम्बन्धी प्रश्न

- बाणिज्य बैकहरुको लगानी क्षमता कसरी बढाउने?
- सहकारीमा रहेको पुंजी उत्पादन क्षेत्रमा कसरी आकर्षित गर्ने ?
- बिप्रेषणको अधिकांस भाग उपभोगमा खर्च भएकोले कसरी बचत गर्ने बानीको बिकास गरी उत्पादन क्षेत्रमा लगाउने ?
- ग्रामिण क्षेत्रमा रहेको पुंजी शहरतर्फ स्थान्तरण भई ग्रामिण क्षेत्र उजाड हुदै गएकोले कसरी ग्रामिण क्षेत्रमा लगानीका अबसर सृजना गर्ने?

# प्रदेशमा पर्यटनको स्थिति

- २०७४ मा कुल विदेशी पर्यटकको आगमन ४००,००० ।
- आन्तरकि पर्यटकको संख्या ६००,००० ।
- नेपालमा विदेशी पर्यटकको सरदर बसाई अवधि ५ दिन ।
- विदेशी पर्यटकको दैनिक सरदर खर्च ५४ अमेरिकी डलर ।
- पर्यटनले प्रदेशको ग्रार्हस्थ्य उत्पादनमा करीब १० प्रतिशतको योगदान ।
- पर्यटनले प्रदेशको रोजगारीमा अनुमानित १५ प्रतिशतको योगदान ।

# पर्यटन बिकास सम्बन्धी प्रश्न

- पर्यटनलाई उत्पादन सँग कसरी जोड्ने ?
- पर्यटन व्यवसायलाई आवश्यक पर्ने प्राविधिक जनशक्ति कसरी प्रदेशभित्रै उत्पादन गर्ने ?
- सन २०२१ को जुलाइमा पोखरा अन्तराष्ट्रिय विमानस्थलको निर्माण सम्पन्न पश्चात् बढने अनुमान गरिएको पर्यटक आगमनलाई व्यवस्थापन गर्न पूर्व तयारी कसरी गर्ने ?
- प्रदेशमा पर्यटकको संख्या हालको १० लाखबाट २० लाख पुर्‍याउँदा चाहिने पर्यटक पूर्वाधारको निर्माण कसरी गर्ने?
- सम्मेलन पर्यटन (Conference Tourism) बिकास गर्न चाहिने सम्मेलन गृहहरुको (Conference Hall) निर्माण र संञ्चालन कसरी गर्ने?

# प्रदेशमा जलविद्युतको स्थिति

- जल विद्युत उत्पादन गर्ने सैद्धान्तिक क्षमता २०,६५० मेगावाट
- आर्थिक र प्राविधिक रुपले सम्भाव्य उत्पादन क्षमता ११,९३० मेगावाट
- हाल अध्ययनमा रहेका आयोजनाको क्षमता ४,५०० मेगावाट
- हाल निर्माणाधीन जलविद्युत आयोजनाको क्षमता ६५४ मेगावाट (२९ वटा आयोजना)
- हाल उत्पादन भइरहेको जलविद्युत क्षमता ४४८.५ मेगावाट
- जल विद्युतको पहुँच पुगेका घर परिवार (प्रतिशत) ८३
- खाना पकाउन दाउराको प्रयोग गर्ने घर परिवार (प्रतिशत) ७०
- खाना पकाउन ग्याँसको प्रयोग गर्ने घर परिवार (प्रतिशत) २४


# उर्जा बिकास सम्बन्धी प्रश्न

- आर्थिक रुपले आकर्षक जलबिद्युत आयोजनाको पहिचान गरी निजी क्षेत्रलाई लगानी गर्न कसरी तयार गर्ने ।
- जलविद्युतको बिकल्पमा छिटो र कम लागानीमा निर्माण हुने सौर्य उर्जाको बिकास कसरी गर्ने ?
- जैविक इन्धनले चल्ने सवारी साधनलाई विद्युतीय सवारी साधनले प्रतिस्थापन गर्ने ब्यबस्था कसरी मिलाउने?
- खाना पकाउने एलपि ग्याँसलाइ विद्युतिय उर्जाले प्रतिस्थापन गर्ने ब्यबस्था मिलाउन के कस्ता पूर्वतयारी गर्ने ?

# प्रदेशमा कृषिको स्थिति

- प्रदेशमा कुल भूभागको २२.२ प्रतिशत जग्गा कृषि योग्य छ।
- कृषियोग्य जग्गा मध्य ७६ प्रतिशत जग्गामा खेती गरिएको छ र २४ प्रतिशत जग्गा बांझो छ।
- ३६.१ प्रतिशत कृषियोग्य जग्गामा सिंचाइ सुबिधा पुगेको छ।
- सिंचित जग्गामध्य ४६.१ प्रतिसत जग्गामा १२ महिना सिंचाइ हुन्छ।
- ४४ प्रतिशत घर परिवारलाई आंफ्नो उत्पादनले ६ महिना पनि खान पुग्दैन।
- १८ प्रतिशत घर परिवार मौसमी खाद्य असुरक्षाको स्थितिमा छन।

# गण्डकी प्रदेशमा बाँझो कृषियोग्य जग्गाको प्रतिशत




# गण्डकी प्रदेशमा खाद्यान्न बालीको उत्पादकत्व

| क्रम संख्या | जिल्लाको नाम | धानको उत्पादकत्व (टन हेक्टर) | मकैको उत्पादकत्व (टन हेक्टर) | कोदोको उत्पादकत्व (टन हेक्टर) | फापरको उत्पादकत्व (टन हेक्टर) | गहुँको उत्पादकत्व (टन हेक्टर) | जौको उत्पादकत्व (टन हेक्टर) |
|---|---|---|---|---|---|---|---|
| १ | गोरखा | २.७ | २.३ | १.७ | १ | १.९ | १.१ |
| २ | मनाङ्ग | ० | १.८ | ० | १.८ | २.४ | १.७ |
| ३ | मुस्ताङ्ग | ० | १.८ | ० | १.७ | १.६ | १.९ |
| ४ | म्याग्दी | ३.२ | ३.२ | १.३ | ०.१ | २.५ | १.३ |
| ५ | कास्की | ३.३ | २.६ | १.२ | १.१ | १.९ | ०.९ |
| ६ | लमजुङ्ग | ३.० | २.२ | १.० | ०.८ | २.८ | १.० |
| ७ | तनहुँ | ३.७ | २.८ | ०.९ | ०.८ | २.० | ०.९ |
| ८ | नवलपरासी पूर्व | ४.३ | २.९ | १.१ | १.५ | २.० | १.६ |
| ९ | स्याङ्गजा | ३.८ | ३.१ | १.१ | ०.८ | १.८ | ०.८ |
| १० | पर्वत | २.८ | १.६ | ०.९ | ०.९ | ३.३ | ०.९ |
| ११ | बाग्लुङ्ग | ३.५ | ३.३ | १.२ | १.४ | २.६ | १.२ |
| | **प्रदेशको सरदर** | **३.४** | **२.७** | **१.१** | **१.२** | **२.२** | **१.३** |


# गण्डकी प्रदेशमा दलहनको उत्पादकत्व

| क्रम संख्या | जिल्लाको नाम | मसुरोको उत्पादकत्व (टन हेक्टर) | चनाको उत्पादकत्व (टन हेक्टर) | मासको उत्पादकत्व (टन हेक्टर) | भटमासको उत्पादकत्व (टन हेक्टर) | बोडीको उत्पादकत्व (टन हेक्टर) | सिमिको उत्पादकत्व (टन हेक्टर) |
|---|---|---|---|---|---|---|---|
| १ | गोरखा | १.० | ०.९ | ०.६ | ०.९ | ०.८ | १.० |
| २ | मनाङ्ग | ०.९ | ०.० | ०.० | १.१ | ०.० | १.० |
| ३ | मुस्ताङ्ग | ०.० | ०.० | ०.० | ०.० | ०.० | १.७ |
| ४ | म्याग्दी | ०.८ | १.१ | १.२ | १.२ | ०.९ | १.४ |
| ५ | कास्की | ०.९ | २.० | १.० | १.० | १.१ | १.० |
| ६ | लमजुङ्ग | १.८ | ०.० | ०.८ | ०.९ | १.१ | १.० |
| ७ | तनहुँ | ०.९ | ०.७ | ०.७ | ०.९ | १.३ | ०.२ |
| ८ | नवलपरासी पूर्व | १.२ | ०.७ | ०.७ | १.१ | १.२ | २.२ |
| ९ | स्याङ्गजा | ०.८ | १.१ | १.२ | १.१ | १.१ | १.० |
| १० | पर्वत | ०.८ | २.६ | ०.६ | ०.८ | ०.७ | ०.७ |
| ११ | बाग्लुङ्ग | ०.८ | १.३ | ०.९ | १.४ | १.८ | २.३ |
|  | **प्रदेश सरदर** | **१.१** | **०.९** | **०.७** | **१.१** | **१.२** | **१.१** |


# गण्डकी प्रदेशमा प्रतिव्यक्ति  खाद्यान्न उपलब्धता के.जि.मा




# गण्डकी प्रदेशमा प्रतिव्यक्ति दुध उपलब्धता (लिटरमा)



# गण्डकी प्रदेशमा प्रतिव्यक्ति मासु उपलब्धता (के.जी.)



# खाद्यान्न बालीको लागत-लाभ विश्लेषण (रु मा)



# कृषि प्रणाली सुदृढीकरण सम्बधी प्रश्न

- खाद्यान्न बालीको उत्पादकत्व कसरी दोब्बर बनाउने ?
- दलहनको उत्पादकत्व कसरी चार गुणाले  बढाउने ?
- उच्च उत्पादन दिने बाली र बिउहरुको अन्वेषण गर्न के गर्ने ?
- उत्पादकत्व बढाउने प्रबिधिको अन्वेषण कसरी गर्ने ?
- प्राङ्गारिक कृषि मल कारखाना स्थापना गर्न आबश्यक प्रविधि काहांवाट आयात गर्ने ?
- व्यावहारिक ज्ञान भएको जनशक्ति कसरी उत्पादन गर्ने ?
- उद्यम र कृषिलाई कसरी जोडने ?
- जनताको खाद्य सुरक्षा प्रत्याभूति गर्न प्रदेश र स्थानीय तहले के कस्ता भूमिका निर्वाह गर्ने ?
- बांझो कृषि जग्गाको ब्यबस्थापन कसरी गर्ने ?

# वन तथा वातावरण सम्बन्धी

## वन जङ्गलको स्थिति

- प्रदेशको ३७.८ प्रतिशत भूभाग वनले ढाकेको छ ।
- प्रदेशको ९.६ प्रतिशत भूभाग बुटयानले ढाकेको छ ।
- प्रदेशको कुल भूभाग मध्य करिब ४६ प्रतिशत भूभाग निकुञ्ज र संरक्षण क्षेत्र भित्र पर्दछ ।
- प्रदेशको पहाडि भूभागमा वन जङ्गलको क्षेत्रफल बढदै गएको छ ।

## वन जङ्गल सम्बन्धी प्रश्न

- वनको संरक्षण र आर्थिक उपार्जन बिच कसरी सन्तुलन मिलाउने?
- वनलाई कसरी प्रदेशको आर्थिक समृद्धिको स्रोत बनाउने ?
- मानव र वन्यजन्तु बीचका द्वन्द्व कसरी न्युनिकरण गर्ने ?

# गण्डकी प्रदेशमा व्यवसायिक प्रतिष्ठानको स्थिति

| क्रम संख्या | जिल्लाको नाम | प्रतिष्ठानको संख्या | प्रतिष्ठानमा संलग्न व्यक्ति | प्रति प्रतिष्ठान सरदर जनसंख्या | प्रति प्रतिष्ठान सरदर रोजगार |
|---|---|---|---|---|---|
| १ | गोरखा | १०,९८० | ३१,६४४ | २३ | २.९ |
| २ | मनाङ्ग | ४८७ | २,३७५ | १३.१ | ४.९ |
| ३ | मुस्ताङ्ग | ७७५ | ३,१०५ | १५.५ | ४.० |
| ४ | म्याग्दी | ५,०६५ | १६,३९७ | २२.१ | ३.२ |
| ५ | कास्की | ३०,७४६ | १,११,९९९ | १८.४ | ३.६ |
| ६ | लमजुङ्ग | ६४१५ | २९,४१० | २६.७ | ४.६ |
| ७ | तनहुँ | १२,४४२ | ३६,०८५ | २७.५ | २.९ |
| ८ | नवलपरासी पूर्व | १२,७८२ | ४१,६८२ | २६.९ | ३.३ |
| ९ | स्याङ्गजा | ७,४१२ | २३,४७४ | ३५.२ | ३.२ |
| १० | पर्वत | ४,७३५ | २३,४७४ | ३१.३ | २.९ |
| ११ | बाग्लुङ्ग | ८,८४९ | ३१,८३५ | ३१.७ | ३.६ |
| | **जम्मा/सरदर** | **१००,६८८** | **३४१,८१८** | **२४.८** | **३.४** |

# औद्योगीकीकरण सम्बन्धी प्रश्न

- विश्वविद्यालय शिक्षा र उत्पादन बिचको अन्तरसम्बन्ध कसरी बिकास गर्ने ?
- उद्यमशिल जनशक्ति कसरी तयार गर्ने ?
- उद्योग व्यावसायीहरुमा बजारको माग र उपभोक्ताको चाहना थाहा पाउने ज्ञान कसरी विकास गर्ने ?
- प्रदेशको औद्योगिकीकरणलाइ चाहिने पुंजी, प्रविधि र ज्ञान कसरी बिकास गर्ने ?
- ब्यापार घाटा न्युन गर्न निकासी बढाउने उद्योगहरुको स्थापना र संञ्चालन गर्न के कस्ता रणनीति अवलम्बन गर्ने ?

# भौतिक पूर्वाधारको स्थिति

- सडक घनत्व प्रतिबर्ग कि.मि. ०.४९
- धुले कच्चि सडक (कि.मि.) ८,५२५.५८
- ग्राभेल सडक (कि.मि.) १,३५९
- कालोपत्रे सडक (कि.मि.) ९३६.९
- प्रति कि.मि कालोपत्रे सडक निर्माण खर्च हालको मुल्यमा रु २ करोड ।
- ६ विमानस्थल (२ सञ्चालन, ३ बन्द, १ निर्माणाधीन) ।
- रसुवागढी-काठमाण्डौं-पोखरा-लुम्बिनी रेलमार्ग (सम्भाब्यता अध्ययन ५१९ कि.मि.) ।
- पूर्व पश्चिम रेलमार्गको तमसरिया बुटवल खण्ड, नवलपरासी (६५ कि.मि. को सम्भाब्यता अध्ययन सम्पन्न) ।

# पूर्वाधार बिकास सम्बन्धी प्रश्न

- सडक निर्माणको लागत घटाउने प्रविधिको खोजी कसरी गर्ने ?
- नेपालको भूगोल र भूगर्भ अनुकूल हुने सुरुङ्ग प्रविधि कसरी देशभित्रै विकास गर्ने ?
- निर्माण सामाग्रीको देशभित्र उत्पादन गर्न आवश्यक औद्योगिक वातावरण कसरी सृजना गर्ने ?
- यातायात प्रणालीलाई सुरक्षित बनाउन सडक निर्माण प्रविधिलाई कसरी आधुनिकीकरण गर्ने ?
- विश्वविद्यालय शिक्षा र प्रदेशको भौतिक पुर्बाधार सम्बन्धी आबश्यकता विच कसरी तादम्यता मिलाउने ?

# प्रदेशको शैक्षिक स्थिति

- साक्षरता दर (५ वर्ष माथिको) = ७४.८
- वयस्क साक्षरता दर (१५ वर्ष माथिको) = ५५.६
- १५ वर्ष देखि २४ वर्ष उमेरका पुरुष हरुको साक्षरता दर = ९४.८१
- १५ वर्ष देखि २४ वर्ष उमेरका महिलाहरुको साक्षरता दर = ८६.३५
- प्रदेशमा भएका कूल १३९ महाविद्यालय मध्ये प्राविधिक महाविद्यालयको संख्या = १५ (१०.८ %)
- महाविद्यालयमा पढ्ने २९, ३८० विद्यार्थीमध्ये विज्ञान तथा प्रविधि पढ्ने विद्यार्थीको संख्या = ५,१६६ (१७.६ %)
- प्रदेशका कुल ५५७ माध्यमिक (९ देखि १२ कक्षा पढाउने) विद्यालय मध्ये प्राविधिक विषय पढाउने विद्यालयको संख्या = ३० (५.४ %)

# आधारभूत र माध्यमिक शिक्षामा खुद भर्ना दर

| जिल्ला | कक्षा १ | कक्षा १-५ | कक्षा ६-८ | कक्षा ९, १० | कक्षा ११, १२ |
|---|---|---|---|---|---|
| गोरखा | ९६.६ | ९८.२ | ९३.८ | ७१.३ | १४.४ |
| लमजुङ | ९६.४ | ९७.४ | ९४.३ | ७३.१ | १९.१ |
| तनहुँ | ९७.१ | ९८.४ | ९५.६ | ७४.६ | २२.७ |
| स्याङजा | ९७.० | ९८.३ | ९५.४ | ८३.० | ३०.३ |
| कास्की | ९६.३ | ९७.८ | ९५.८ | ९१.७ | २७.२ |
| मनाङ | ७४.८ | ८६.२ | ८१.६ | ४४.८ | ०.० |
| मुस्ताङ | ७६.० | ९७.६ | ८६.२ | ४९.६ | १६.८ |
| म्याग्दी | ९७.१ | ९७.५ | ९६.६ | ७४.० | २१.६ |
| पर्वत | ९५.७ | ९७.१ | ९५.८ | ४४.२ | ३७.४ |
| बाग्लुङ | ९७.८ | ९८.० | ९५.० | ७६.९ | २१.३ |
| नवलपरासी पूर्व | ९४.५ | ९७.६ | ९२.३ | ६९.३ | १९.४ |
| **गण्डकी** | **९२.७** | **९६.७** | **९२.९** | **६८.४** | **२०.९** |

# शिक्षा सम्बन्धी प्रश्न

- शिक्षा विकासमा प्रदेश सरकारको भूमिका कस्तो हुने?
- शिक्षालाई बजार संग कसरी जोड्ने ?
- बिद्यालय र महाविद्यालयका पाठयक्रम कसरी समसामयिक र गतिसील बनाउने?
- उच्च माग भएका मध्यम खाले प्राविधिक जनशक्तिको उत्पादन कसरी गर्ने ।
- विश्वविद्यालय शिक्षालाई  राष्ट्रिय तथा अन्तरष्ट्रिय बजारमा कसरी प्रतिस्पर्धी  बनाउने ?
- रुग्ण सामुदायीक  बिद्यालय र महाविद्यालयको ब्यबस्थापन कसरी गर्ने।
- माध्यमिक तहमा न्युन खुद बिद्यार्थी भर्नादरमा कसरी सुधार ल्याउने?

# गण्डकी प्रदेशमा ;fa{hflgs :jf:Yo ;+:yfsf] स्थिति

| जिल्ला | अस्पताल | प्राथमिक स्वास्थ्य केन्द्र | स्वास्थ्य चौकी | सामुदायीक स्वास्थ्य इकाई | शहरी स्वास्थ्य केन्द्र | गाउँघर क्लिनिक | खोप क्लिनिक | महिला स्वास्थ्य स्वयंसेवक |
|---|---|---|---|---|---|---|---|---|
| गोरखा | २ | ३ | ६६ | ८ | ८ | २४० | २५८ | ६२४ |
| लमजुङ | १ | २ | ५७ | ८ | ७ | १८८ | १९५ | ७२९ |
| तनहुँ | ३ | २ | ४६ | १३ | १३ | १५३ | २१७ | ४६६ |
| स्याङ्जा | २ | ३ | ६४ | ९ | ७ | १९३ | २२८ | ६१२ |
| कास्की | ३ | ४ | ४३ | १३ | १५ | १८४ | २१४ | १०६९ |
| मनाङ | १ | ० | १३ | ३ | ० | ९ | २० | ११८ |
| मुस्ताङ | १ | १ | १५ | ० | ० | २२ | २२ | १३५ |
| म्याग्दी | १ | १ | ३९ | ८ | २ | ७८ | ११७ | ३७० |
| पर्वत | १ | २ | ५२ | ५ | ३ | १०५ | १६१ | ५०० |
| बाग्लुङ | १ | ३ | ५८ | १४ | ४ | १४४ | १८६ | ९५० |
| नवलपरासी | ० | ४ | ३४ | १ | ३ | १०० | १५२ | ३६६ |
| **गण्डकी** | १६ | २५ | ४८७ | ८२ | ६२ | १,४१६ | १,७७० | ५,९३९ |

# u08sL k|b]zdf :jf:Yo ;"rsx?sf] l:ylt

| स्वाथ्य सूचकहरु | राष्ट्रिय | गण्डकी प्रदेश |
|---|---|---|
| गर्भवती परिक्षण गरेका महिला (प्रतिशत) | ८४ | ८७.३ |
| चार पटक गर्भवती परिक्षण गरेका महिला (प्रतिशत) | ६९ | ६६.५ |
| संस्थागत प्रसुती (प्रतिशत) | ५७ | ६८.३ |
| कुल प्रजनन् दर (प्रति महिला) | २.३ | २ |
| परिवार नियोजनका आधुनीक साधन प्रयोग गर्ने प्रतिशत | ४३ | ३७.३ |
| नवजात शिशु मृत्युदर (प्रति १,००० जिवित जन्ममा) | २१ | १५ |
| पाँच बर्ष मुनिका वालवालीका मृत्युदर (प्रति १,००० जिवित जन्ममा) | ३९ | २७ |
| शिशु मृत्यु दर (एक वर्ष मुनिका प्रति १,००० जिवित जन्ममा) | ३२ | २३ |
| अपरेसन गरी हुने प्रसुती (प्रतिशत) | ९ | १६.७ |
| खोप सेवा प्राप्त प्रतिशत (१२ देखी २३ महिना) | ७८ | ९३ |
| पाँच बर्ष मुनिका होचा पुड्का बालबालिका (प्रतिशत) | ३६ | २९ |

*श्रोत: स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, २०७३*

# स्वास्थ्य सम्बन्धी प्रश्न

- स्वास्थ्य क्षेत्रमा सुधार ल्याउनको लागि प्रदेश सरकारले के कस्तो भूमिका निर्वाह गर्नु पर्ला ?
- फेरिंदो रोगहरुको संरचना अनुसार स्वास्थ्य सेवालाई जनउत्तरदायी बनाउन के कस्ता प्रणालीगत परिवर्तनहरु आवश्यक होलान् ?
- प्रणालीगत परिवर्तन गर्न प्रदेशसँग सामार्थ्य छ कि छैन ?
- बिशिष्टीकृत स्वास्थ्य सेवाको मागलाइ कसरी ब्यवस्थापन गर्ने ?
- औषधी उपचारको खर्च आँफै तिर्न नसक्ने जनताको लागि प्रदेश सरकारले के गर्नु पर्ला ?
- निजी र  सार्वजनिक स्वास्थ्य सेवा प्रदायक संस्था बीचको सम्बन्ध कस्तो हुनुपर्ला ?
- स्वास्थ्य क्षेत्रमा निजी क्षेत्रको भूमिका कस्तो हुनु पर्ला ?

# प्रदेशमा पोषणको स्थिति

## प्रदेशमा पोषणको स्थिति

- ५ वर्ष मुनिका २९ प्रतिशत बच्चाहरुमा कुपोषण छ ।
- प्रजनन उमेरका (१५ देखि ४९ वर्षका) २८ प्रतिशत महिलामा रक्त अल्पता छ ।
- ४६ प्रतिशत पाँचवर्ष मुनिका बाल बालिकामा रक्त अल्पता छ

## पोषण सम्बन्धी प्रश्न

- सिमान्तकृत वर्गको खाद्य सम्पुभता कसरी प्रत्याभूति गर्ने ?
- खाद्य सुरक्षा प्रत्याभूती गर्न तिन तहका सरकार बिच कस्ता सहकार्य चाहिन्छ ?
- खाद्यान्नको वितरण प्रणाली हालको बजार अर्थतन्त्रको मोडलमा भर पर्नु ठिक हो कि राज्यको पनि नियमन बाहेक थप केही भूमिका आवश्यक छ ?

# प्रदेशमा जनसंख्या

## प्रदेशमा जनसंख्याको स्थिति

- अर्धबेरोजगारी दर (१५ देखि ५९ बर्ष = ३०.१ प्रतिशत
- युवा अर्धबेरोजगारी दर (१५ देखि २४ बर्ष) = ४१.९० प्रतिशत
- श्रमिकको वार्षिक उत्पादकत्व = रु ११०,९०५

## जनसंख्या सम्बन्धी प्रश्न

- जनसांख्यिक लाभ कसरी प्राप्त गर्ने ?
- नयाँ रोजगारीका क्षेत्रहरु के के हुन सक्छन् ?
- अर्धरोजगारीमा रहेको ठूलो जनसंख्याको अंशलाई कसरी पूर्ण रोजगारीमा रुपान्तरण गर्ने ?

# प्रदेशमा खानेपानीको स्थिति

## प्रदेशमा खानेपानीको स्थिति

- आधारभूत खानेपानीको पंहुच पुगेको जनसंख्या =९१.७ प्रतिशत

- शौचालय प्रयोग गर्ने जनसंख्या = ९० प्रतिशत

## खानेपानी सम्बन्धी प्रश्न

- पहाडका चुचुरा र चुरे क्षेत्रमा दीगो पानीको श्रोत नभएका बस्तीहरुलाई आधारभूत खानेपानीको पँहुच कसरी पुर्‍याउने ?
- दिगो पानीको मुल नभएका पहाडमा खानेपानी उपलब्ध गराउने बिकल्प के हुन सक्छ ?
- प्रदेशका सम्पूर्ण जनतालाई पाइपबाट वितरण गरेको स्वच्छ र सफा पिउने पानीको व्यवस्था कसरी गर्ने ?
- शौचालय, ढल र सरसफाईको सुविधा प्रदेशका सबै जनतालाई कसरी पुर्‍याउने ?

# अन्तरसम्बन्धित प्रश्न

- महिला हिंसा कसरी अन्त्य गर्ने ?
- गैह्र सरकारी क्षेत्रसंग के कस्ता सहकार्य गर्ने ?
- मानब अधिकार र मौलिक हकको संरक्षण गर्न तीनतहका सरकार बिच के कस्ता सहकार्य आबश्यक छन् ?
- जेष्ठ नागरिक, अपाङ्ग, महिला, वालवालिकाको सामाजिक सुरक्षा कसरी प्रभावकारी बनाउने ?
- सूचना संञ्चारलाई कसरी जीवन पद्धतिसँग जोडने ?
- बिपद् ब्यबस्थापन पद्धति कसरी चुस्त बनाउने ?

# अन्तरसम्बन्धित प्रश्न

- सहकारीको पुंजीलाई कसरी उत्पादन क्षेत्रमा लगाउने ?
- दीगो बिकास लक्ष्य २०८७ र भिजन २१०० हांसिल गर्न चाहिने स्रोतको ब्यबस्थापन कसरी गर्ने ?
- शासन प्रणालीलाई कसरी पारदर्शी र जनउत्तरदायी बनाउने?
- प्रदेशको खेलकुद प्रणाली कस्तो हुने ?
- प्रदेशको सुरक्षा ब्यबस्था कस्तो हुने?
- प्रदेशको तथ्यांङ्क प्रणाली कस्तो बनाउने ?

# प्रदेशका जनताले आगामि ५ बर्षको लागि गरेको भबिष्य प्रक्षेपण

| क्र.सं | भविष्यप्रति आशावादिता | प्रतिशत |
|---|---|---|
| १ | आगामी ५ वर्षमा देशको आर्थिक उन्नति हून्छ भनेर विश्वास गर्ने जनता | ९० |
| २ | आगामी ५ वर्षमा आंफ्नो जीवनस्तरमा सुधार हून्छ भनेर विश्वास गर्ने जनता | ८६ |
| ३ | देशको राजनीतिक अवस्थामा सूधार हून्छ भनेर विश्वास गर्ने जनता | ८७ |
| ४ | राजनीतिक पद्दती प्रति विश्वास बढछ भनेर विश्वास गर्ने जनता | ८६ |
| ४ | सरकारप्रति विश्वास बढछ भनेर विश्वास गर्ने जनता | ९० |
| | स्रोत: स्टाफ कलेजले २०७४ मा १६३८ ब्याक्ति संग गरेको अन्तरवार्ताको नतिजा | |

# गण्डकी प्रदेशको आर्थिक बिकास मोडल

- नेपालको संविधान २०७२ को भाग १ धारा १४ मा "नेपालको अर्थतन्त्र समाजबाद उन्मुख हुनेछ" भन्ने उल्लेख भएकोले गण्डकी प्रदेशको आर्थिक विकासको मोडल पनि समाजबाद उन्मुख अर्थतन्त्रको निर्माण गर्नु हुनेछ ।

- नेपालको संबिधान २०७२ को भाग ४ राज्यका निर्देशक सिद्धान्त सम्बन्धी धारा ५१ घ १ अनुसार तीन खम्बे अर्थनीति अनुसरण गरी (सार्बजानिक, निजी, र सहकारी क्षेत्रको सहभागितामा) प्रदेशको अर्थतन्त्र सुदृढ गरिनेछ ।

# गण्डकी प्रदेशको आर्थिक बिकास मोडल

- संविधानको भाग ४ धारा ५१ घ २  अनुसार अर्थतन्त्रमां निजी क्षेत्रको भूमिकालाई महत्व दिंदै उपलब्ध साधन र स्रोतको अधिकतम परिचालन गर्दै प्रदेशको समृद्धि हांसिल गरिनेछ ।
- संविधानको भाग ४ धारा ५१ घ ३ अनुसार सहकारी क्षेत्र प्रबर्द्धन गर्दै प्रदेशको आर्थिक बिकासमा परिचालन गरिनेछ ।
- प्रदेशको औद्योगिकीकरण र पूर्वाधार बिकासको लागि आबश्यक पुंजि राजस्व परिचालन, आन्तरिक तथा बैदेशिक अनुदान र ऋृण मार्फत जुटाउने  ब्यबस्था गरिनेछ ।
- संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार र जनता बिच चार तहको सहकार्यमा विकास निर्माणलाई अगाडि बढाइने छ ।

# प्रदेशको आवधिक योजना निर्माणका आधार

- नेपालको संविधान २०७२ को अनुसूची ५ मा ब्यवस्था भएका संघका एकल अधिकार क्षेत्रबाट प्रदेशमा निक्षेपण हुने कार्यक्रमहरु ।
- संविधानको अनुसूची ६ मा ब्यवस्था भएका प्रदेशका एकल अधिकार क्षेत्र ।
- संविधानको अनुसूची ७ मा ब्यवस्था भएका संघ र प्रदेशका साझा अधिकार क्षेत्र ।
- संविधानको अनुसूची ९ मा ब्यवस्था भएका संघ, प्रदेश र स्थानीय तहका साझा अधिकार क्षेत्र ।
- दिगो बिकास लक्ष्य २०७३–२०८७ (सन २०१६–२०३०) ।
- नेपालको दुरदृष्टि २१०० (Vision 2100 BS)
- नेपालको १५ औ आवधिक बिकास योजना (२०७६/०७७–२०८१/०८२) सोच र लक्ष्य ।
- नेपाल पक्ष भएका अन्तराष्ट्रिय सन्धी सम्झौताहरु ।

# समुह १

## आर्थिक बिकास र गरिबी निवारण

१. गरिबी निबारण

२. पुंजी निर्माण र लगानी

३. पर्यटन

४. उद्योग र औद्योगिक प्रयोजनको लागि स्रोत हरुको  प्रयोग

# समुह २

## कृषि, सहकारी वन तथा वाताबरण

१. सहकारी

२. खाद्यान्न उत्पादन

३. फलफुल उत्पादन

४. पशुजन्य (दुध, मासु अण्डा आदि) उत्पादन

५. खाद्य सुरक्षा र पोषण

६. वन तथा बातावरण

# समुह ३

## भौतिक पूर्बाधार

१. उर्जा

२. यातायात

३. सिंचाइ

४. खानेपानी

५. आधारभूत सरसफाइ र ढल निकास

# समुह ४

## सामाजिक सेवा

१. शिक्षा

२. स्वास्थ्य

३. जनसंख्या

४. सामाजिक न्याय र मानब अधिकार

५. सूचना र संञ्चार

# समुह ५

## अन्तरसम्बन्धित बिषय

१. लैङ्गिक समता र महिला शसक्तिकरण

२. अपाङ्गता

३. सामाजिक सुरक्षा

४. नागरिक समाज र गैह्र सरकारी संस्था

५. बिपद ब्याावस्थापन

६. शुसासन

७. तथ्यांङ्क

# रणनीति, कार्यनीति र कार्यक्रम

| रणनीति | कार्यनीति | कार्यक्रम |
|---|---|---|
| उद्देश्य हासिल गर्ने माध्यमका रुपमा रणनीति भएकाले यसले सम्बन्धित विषयमा कसरी भन्ने प्रश्नको उत्तर खोज्दछ ।<br><br>रणनीति लेख्दा 'गर्ने' वा ने मा टुङ्गाउन उपयुक्त हुन्छ ।<br>उदाहरण | योजनाको रणनीति कार्यान्वयन गर्न कार्यनीति लागू गरिन्छ । तसर्थ प्रत्येक रणनीतिसँग सम्बन्धित कार्यनीति लेख्नु आवश्यक हुन्छ । कार्यनीति लेख्दा 'गरिनेछ' वा 'नेछ' मा टुङ्ग्याउनुपर्छ | उद्देश्य पूर्ति गर्न रणनीति र कार्यनीतिमा आधारित कार्यक्रम तर्जुमा गर्ने । |
| उद्देश्यः कृषि उत्पादकत्व बृद्धि गर्नु ।<br>रणनीतिः उन्नत बीउ वितरण गर्ने । | साना तथा मझौला किसानलाई निशुल्क उन्नत बिउ वितरण गरिनेछ । | पाच बर्ष भित्रमा ५,००० साना तथा मझौला किसानलाई खाद्यान्न तथा तरकारीका बिउहरु उपलब्ध गराउने । |
| उद्देश्यः गरिबी निवारण गर्नु ।<br>रणनीतिःआय आर्जन कार्यक्रम संञ्चालन गर्ने । | गरीब तथा सीमान्तकृत किसानहरुमा आय आर्जन कार्यक्रम संञ्चालन गरिनेछ । | पाँच बर्ष भित्रमा ५,००० गरीब तथा सीमान्तकृत किसानहरुलाइ आर्य आर्जन कार्यक्रम संञ्चालन गर्न रु १०,००० का दरले अनुदान उपलब्ध गराउने । |

# समुहका कार्य

- आंफनो समुहमा छलफल संयोजन गर्ने नेता छनोट गर्ने ।
- छलफलका लागि तयार गरिएका प्रश्नहरु पढने ब्यक्ति छनोट गर्ने ।
- छलफल गर्दा सबै सहभागीको धारणा आउने गरी छलफल गर्ने ।
- छलफल पछि निचोडमा पुगेका बिषयको लेखन गर्ने लेखक छनैाट गर्ने ।
- लेखन गर्दा बिषयगत रणनीति, कार्यनीति र कार्यक्रम प्रष्टसंग बुझ्निनेगरी लेख्ने ।
- समुहका निचोड प्रस्तुत गर्ने नेता छनोट गर्ने ।
- प्रस्तोतालाई अन्य सदस्यले सहयोग गर्ने ।

# प्रदेशको आवधिक योजना बनाउने समय तालिका

- प्रदेशका ११ जिल्ला र बिषय क्षेत्र अन्तरकृया र छलफल = पौष महिना
- आबधिक योजनाको अबधारण पत्रको तयारी = माघ महिना
- अबधारण पत्रमा प्रदेश विकास परिषदको राय सुझाब संकलन र परिमार्जन = फाल्गुण महिनाको दोस्रो हप्ता
- आबधिक योजना निर्माण = चैत्र महिना २०७५

# ध्यानपूर्वक सुनिदिनु भएकोमा धन्यबाद